३६

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, पुस ११ गते २०४० साल (संख्या ३६

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ५ र ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

नेपाल राजपत्र भाग ३ मिति २०३९।७।३ मा प्रकाशित सूचना अनुसार गठित भेरी अञ्चल अदालतका अञ्चल न्यायाधीशको एक सदस्यीय विशेष अदालतमा दायर रहेको श्री रत्नप्रसाद सन्ज्यालको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी तोयनाथ घिताल समेत भएको डाँका मुद्दा र सो मुद्दाको जरियाले उठेको अन्य मुद्दा समेत उक्त विशेष अदालतबाट झिकी कारवाई र किनारा गर्न बागमती विशेष अदालतलाई सुम्पिएको छ ।

नेपाल राजपत्र भाग ३ मिति २०३९।७।३ मा प्रकाशित सूचना अनुसार गठित विशेष अदालतलाई विघटन गरिएको छ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

राप्ती अञ्चल अदालतका अञ्चल न्यायाधीशको एक सदस्यीय विशेष अदालत गठन गरिएको छ ।

रोल्पा जिल्ला अदालतमा दायर रहेको पुनेवलीको जाहेरीले वादी श्री ५ को सरकार प्रतिवादी दिले रोकका क्षेत्री समेत भएको कर्ण रोक्का क्षेत्रीलाई कर्तव्य गरी मारेको भन्ने कर्तव्य ज्यान मुद्दा उक्त जिल्ला अदालतबाट झिकी कारवाई र किनारा गर्न यस विशेष अदालतलाई सुम्पिएको छ ।

यस विशेष अदालतले राप्ती अञ्चलभित्र जहाँ सुकै पनि आफ्नो मुकाम कायम गर्न सक्नेछ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।